हंसपुर नगरपालिकाको website मा upload गरिदिनुहुन।

# श्री तपसी बाबा मा. बि. तिल्ही, हंसपुर न.पा.६ धनुषा

Tapasi Baba Secondary School ★ Estd. 2035 ★ Tilhi, Dhanusha

मिति :-२०८० -०५-०९

विषय :- पोखरी ठेक्का को लागि सिलबन्दी टेन्डर भर्ने सम्बन्धि सुचना ।

उपरोक्त सम्बन्धमा मिति २०८०-०५-०९ गतेको बि.व्य.स. को निर्णय अनुसार यस श्री तपसी बाबा मा.बि. टि ल्ही हंसपुर न.पा.,धनुषा को नाममा दर्ता रहेका कि.न.७६ क्षेत्रफल ३-८-७ को पोखरी- १ ,कि.न.३५५ क्षेत्रफल २-२-११ को पोखरी -१ गरि जम्मा पोखरी -२ मा माछा ,मखान पालनको लागि ठेक्का लगाइने भएकोले इच्छुक ठेकदारहरुले तपसिल अनुसारको सर्तमा टेन्डर फाराम भर्नको लागि यो सुचना प्रकाशित गरिएको हो। तपसिल

१.टेन्डर फाराम बिद्यालय बाट मिति २०८०-०५-११ देखि २०८०-०५-१८ गतेको १०:३० बजे सम्म रू.५०५ लिईउपलब्ध गराइने छ। टेन्डर फाराम मिति २०८०-०५-१८ गते दिनको ११ बजे सम्म मात्र बुझाउन सकिनेछ ।वारेसद्वारा टेन्डर भर्नु परेमा अधिकारिक वारेसनामा पेस हुनु पर्दछ।

२.ठेक्काको अवधि २०८०-०५-२५ गते देखि २०८४-०५-२४ गते सम्म ४ बर्षको लागि हुनेछ।

३.टेन्डर दर्ता वापत पहिलो किस्ता को १०% रकम बिद्यालयमा बुझाउनु पर्ने छ। टेन्डर अस्वीकृत भए दर्ता शुल्क फिर्ता गरिने र स्वीकृत भएका को हकमा सो रकम पहिलो किस्तामा मिनाहा गरिनेछ। बर्षेनी किस्ता रकम कम्तिमा रू ७,०१,००० (अक्ष रेपी सात लाख एक हजार ) भन्दा कम हुनु हुदैन।

४.ठेक्का रकम ८ किस्तामा तिर्नु पर्ने छ। प्र त्येक किस्ताको रकम हरेक बर्ष माघ मसान्त र श्रावन मसान्त भित्र बुझाउनु पर्नेछ।

५.टेन्डर स्वीकृत भएपछी पहिलो किस्ताको रकम ७ दिन भित्र बिद्यालयमा बुझाई चलन पुर्जी लिइ मात्र भोग चलन गर्नुपर्नेछ र यो हरेक बर्षको लागि लागु हुनेछ।

६.भोगचलन पुर्जी लिनको लागि बिद्यालयमा ०-५-० कठ्ठा जग्गा धरौटी को रुपमा राखिनु पर्ने छ।

७.किस्ताको रकम समयमा बुझाउन नसकेमा बिद्यालयले उक्त जग्गा बाट बक्यौता रकम प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ र पुन :ठेक्का पट्टा समेत लगाउन सकिनेछ।

८. .टेन्डर स्वीकृत भएपछी कबुलियतनामा मंजुर्नामा कागज ठेकेदारले गर्नुपर्ने छ।

९.टेन्डरमा सबभन्दा बढी रकम भएकालाई स्वीकृत गरिने तर सो रकम संतोषजनक नभएमा टेन्डर अस्वीकृत गरि पुन:टेन्डर आह्वान गरिनेछ।

१०.शिलबन्दी टेन्डर मिति २०८०-०५-१८ गते दिनको ११:३० बजे बि.व्य.स.को रोहबरमा खोलिनेछ।

Principal
Balram Thakur

हंसपुर नगरपालिकाको Website मा upload गरिदिनुहुन।

Tapasi Baba Secondary School
Estd. 2035
Tilhi, Dhanusha

# श्री तपसी बाबा माध्यमिक बिद्यालय टिल्ही , हंसपुर नगर पालिका ६ ,धनुषा

मिति :- २०८०-०५-०९ गते

बिषय :-डांक बढाबढ द्वारा पोखरी ठेक्का लगाउने सम्बन्धि सूचना ।

उपरोक्त सम्बन्धमा मिति २०८०-०५-०९ को बि.व्य.स. को निर्णय अनुसार यस श्री तपसी बाबा मा.बि.टिल्हीको नाममा दर्ता रहेको साविक सोनिगामा गा.बि.स.वडा न. ८ हाल हंसपुर न.पा. ६ को पोखरी-१ मा माछा पालनका लागि डांक बढाबढ द्वारा ठेक्का लगाइने भएकाले इच्छुक ठेकेदार हरुले तपसिल अनुसारको सर्तमा डांक बढाबढमा सहभागीका लागि यो सूचना प्रकाशित गरिएको हो |

तपसिल :-

१.)डांक बढाबढ मिति २०८०-०५-१८ गते सोमवारका दिन दिनको १ बजेमा विद्यालयको प्रांगण मा बि.व्य.स.को समक्षमा गरिने छ |

२.)डांक बढाबढमा सहभागी हुनका लागि डांक बढाबढ हुनु भन्दा अघि रु. १०,००० (अक्षरेपी रकम रु. दश हजार मात्र )बिद्यालयमा बुझाउनु पर्ने छ र डांक स्वीकृत भएपछी सो रकम किस्तामा मिनाहा गरिनेछ र अस्वीकृत भए उक्त रकम फिर्ता गरिने छ |

३.)ठेक्का अवधि २०८० भाद्र २५ गते देखि २०८४ भाद्र २४ सम्म गरी ४ बर्षको हुनेछ |

४.) डांक बढाबढमा सहभागी हुन् नेपाली नागरिक हुनु पर्ने छ |

५.)डांक स्वीकृत भएको हकमा बार्षिक रकमको पहिलो किस्ता को रकम भुक्तानी गरी चलन पुर्जी लिई भोगचलन गर्नु पर्ने छ र दोस्रो किस्ताको हकमा सो रकम असोज मसान्त भित्र बुझाउनु पर्ने छ | यो हरेक बर्ष लागु हुने छ |

६.) डांक स्वीकृत भएको ७ दिन भित्र पहिलो किस्ता बुझाई चलन पुर्जी लिई मात्र भोग चलन गर्नु पर्ने छ र यो हरेक बर्षको लागि लागु हुनेछ |

७.) भोगचलन पुर्जी लिनका लागि बिद्यालयमा ०-५-० कट्ठा जग्गा धरौटीको रुपमा राखिनु पर्ने छ |

८.) किस्ताको रकम समयमा बुझाउन नसके विद्यालयले उक्त जग्गाबाट बक्यौता रकम प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ र पुन:ठेक्का पट्टा समेत लगाउन सकिने छ |

९.)ठेक्का स्वीकृत भएको हकमा सो ठेकेदारलाई मंजुर्नामा कागज गर्नु पर्ने छ |

Principal
Balram Thakur